STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES
Study Abroad & Test Preparation Center
Siddhartha Chowk, Pokhara, Nepal
061 578812, 573093, 9856031631, 9856071671
info@beaconedu.com.np

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क २५२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ असोज ७ गते बिहीबार ❑ 23 Sept. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## गण्डकीको निम्तोमा प्रदेश २ का मुख्यमन्त्री पोखरामा

### 'संघीयता मजबुत पार्न प्रदेशबीचको सहकार्यमा जोड'

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ असोज**

गण्डकीका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलको निमन्त्रणमा प्रदेश नम्बर २ का मुख्य मन्त्री लालबाबु राउतसहितको टोली बुधबार पोखराको भ्रमणमा आएको छ । मुख्यमन्त्री पोखरेलको कार्यकक्षमा उहाँहरुबीच बुधबारै औपचारिक भेटवार्ता भएको छ।

भेटवार्ताका क्रममा गण्डकीका मुख्यमन्त्री पोखरेलले संविधानत मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रमा गएपछि स्थापना भएको प्रदेश सरकारले जनताको चाहना बमोजिमको सेवा तथा विकास प्रवाह गर्ने सवालमा धैरै चुनौतीको सामना गर्नु परेको बताए । उनले भने,'अधिकारको निक्षेपणमा संघीय सरकारको मानसिकता अझै पनि केन्द्रीकृत नै देखिन्छ । त्यसैले आगामी दिनमा हाम्रा बीचको सहकार्य अझ घनिभूत बनाउन आवश्यक छ।'

राजश्वको बाडफाँटमा केन्द्रले धेरै राखेर प्रदेशलाई उपलब्ध गराउने गरेको सानो अंशले हाम्रा विकासका आवश्कताहरु पूरा हुने अवस्था छैन भन्दै उनले यसको वृद्धिको पहल गर्नुपर्ने बताए।

नेपाल सरकारले कर्मचारी समायोजनमा पर्याप्त भूमिका नखेलेको, शान्ति सुरक्षा लगायतका मुख्य काममा प्रदेशलाई अधिकार नदिएकोजसले गर्दा प्रदेश सरकार चाहेर पनि काम गर्न सक्ने अवस्थामा नरहेको उनको भनाइ थियो । उनले भने, 'ठूला विकासका कार्य अघि बढाउन जग्गा प्राप्तिको समस्या, विकास निर्माणमा वाधक विभिन्न कानुनी व्यवस्था आदिको सुधार तथा संशोधनमा पनि केन्द्र सरकारले ध्यान दिएको छैन ।' ठूला विकास साझेदारको स्रोत परिचालन केन्द्रबाट हुने गरेको भन्दै उनले यसमा



प्रदेशको संलग्नता वृद्धि हुनु पर्ने मुख्यमन्त्री पोखरेलले बताए। अन्तर प्रदेश समन्वय परिषदको बैठक नियमित बस्ने र समस्याको समाधान निकाल्नेतर्फ पनि घच्घच्याउनु आवश्यक रहेको उनको भनाइ थियो । साझा सरोकारका विषयमा समय समयमा मुख्य मन्त्रीहरु बीच छलफल गरी अनुभव तथा सहयोगको आदान प्रदान तथा संघीयताको प्रवर्द्धनका लागि स्पष्ट धारणा बनाउनु आवश्यक रहेको मुख्यमन्त्री पोखरेलले बताए । 'सबै प्रदेशका मुख्य मन्त्रीज्यूहरुसँग समन्वय गरी उपयुक्त समयमा मुख्यमन्त्रीहरुको छलफल कार्यक्रम पोखरामा आयोजना गर्न इच्छुक रहेको व्यहोरा पनि अनुरोध गर्दछु।'

गण्डकी प्रदेश र प्रदेश २ का बीचमा धेरै समानता र सहकार्यको सम्भावना रहेको उनले बताए । प्रदेशको समृद्धि र जनताको सुखका लागि हाम्रा बीचमा सहकार्य अति आवश्यक मुख्यमन्त्री पोखरेलको भनाइ थियो । पर्यटन प्रवर्द्धनमा प्रदेश २ का सास्कृतिक धरोहरुहरु जानकी मन्दिर, गढीमाईको मन्दिर र मेला, छिन्नमस्ता मन्दिर, सहलेस फूलबारी, धनुष क्षेत्र, जलेश्वरनाथ महादेव आदिजस्ता स्थल रहेको स्मरण गर्दै मुख्यमन्त्री पोखरेलले गण्डकी प्रदेशमा आएका पर्यटकलाई प्रदेश २ र प्रदेश २ मा आएका पर्यटकलाई गण्डकी प्रदेशमा जानका लागि अभिप्रेरित गर्ने कार्य निजी क्षेत्रको अगुवाईमा अगाडि बढाउन सकिने भनाइ राखे।

प्रदेश नम्बर २ का मुख्यमन्त्री लालबाबु राउतले संघीयतालाई मजबुत बनाउन आफूहरुले निकै संघर्ष गर्नुपरेको बताए। साढे २ वर्ष अगाडि पोखरामा मुख्यमन्त्रीहरुको सम्मेलन भएको स्मरण गर्दै उनले त्यो सम्मेलनले उठाएका सबाललाई सम्बोधन गर्न तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली तर्सेको बताए। उनले भने, 'केन्द्र र ६ प्रदेशमा कम्युनिस्ट पार्टीकै सरकार थियो, अधिकार हस्तान्तरण गर्न असहज थिएन तर त्यतिबेला प्रधानमन्त्रीज्यू प्रदेशका कुरा सुन्न नै चाहनु भएन।' अधिकारकै लडाइँका क्रममा आफूहरु संघ सरकारसँग मुद्दा लडिरहेको बताउँदै अधिकार नपाएसम्म संघर्ष जारी रहने उनको भनाइ थियो । भौतिक विकास मात्र नभएर सामाजिक रुपान्तरण हुनुपर्छ भनेर प्रदेश सरकारले महिला जागरण, बालिका सशक्तिकरण, सरसफाइजस्ता अभियान थालेको उनले बताए। विकासका सवालमा प्रदेश नम्बर २ र गण्डकीमा फरक रहेको भन्दै अनुभव आदानप्रदान गर्दै सहकार्य गर्नुपर्नेमा जोड दिए।

सांस्कृतिक सहर जनकपुर र पर्यटकीय सहर पोखराबीच हवाई सम्बन्ध कायम गरी भारतीय पर्यटकलाई आकर्षित गर्न सकिने उनको भनाइ थियो । कार्यक्रममा गण्डकी सरकारका प्रवक्ता एवं मन्त्री कुमार खड्का, अर्थमन्त्री रामजीप्रसाद बराल जीवन, पर्यटन, उद्योग तथा आपूर्ति मन्त्री मणिभद्र शर्मा कँडेल, प्रमुख सचिव डा. दामोदर रेग्मी, मुख्यमन्त्रीका राजनीतिक सल्लाहकार खड्गबहादुर कमाल, नीति तथा योजना आयोग उपाध्यक्ष डा. रघुराज काफ्ले, मुख्यन्यायाधिवक्ता रोहितराज बास्तोला, गण्डकी र प्रदेश नम्बर २ का पर्यटन व्यवसायी सहभागी थिए।

गण्डकीका मुख्यमन्त्री पोखरेलको निमन्त्रणमा पोखरा आएको प्रदेश नम्बर २ का मुख्यमन्त्री राउत नेतृत्व टोलीले ३ दिन यस क्षेत्रमा बिताउनेछ । बुद्ध एअरले पोखरा सिमरा उडान सुरु गर्दाको दिनमा गण्डकीका पर्यटन मन्त्री कँडेल नेतृत्वको टोली प्रदेश नम्बर २ गएको थियो । त्यतिबेलै मन्त्री कँडेलले मुख्यमन्त्री राउतलाई निमन्त्रणा गरेका थिए । आन्तरिक पर्यटन प्रवर्द्धनका लागि गरिएको यो कार्यक्रमको संयोजन नाट्टा गण्डकी प्रदेशले गरेको छ।

नाट्टा गण्डकीका अध्यक्ष सञ्जयकान्त सिग्देलले ३ दिनको अवधिमा मुख्यमन्त्री राउतसहितको टोलीलाई पोखरा र आसपासका मुख्य पर्यटकीयस्थलको अवलोकन गराइने बताए । नाट्टा गण्डकी महासचिव कमला गिरीका अनुसार बिहीबार बिहान दुवै प्रदेशका मुख्यमन्त्रीको उपस्थितिमा पत्रकारसँग अन्तरक्रिया कार्यक्रम राखिएको छ । बुधबार दिउँसो पोखरा विमानस्थलमा अवतरण गरेको प्रदेश नम्बर २ का मुख्यमन्त्री राउतसहितको टोलीलाई गण्डकीका पर्यटन मन्त्री मणिभद्र शर्मा कँडेलले स्वागत गरेका थिए।



अखिल क्रान्तिकारीको २२औँ राष्ट्रिय सम्मेलन उद्घाटन : नेपाल कम्युनिष्ट पार्टी भातृ संगठन अखिल (क्रान्तिकारी) को २२औँ राष्ट्रिय सम्मेलन बुधबार पोखरामा उद्घाटन गर्दै महासचिव नेत्रविक्रम चन्द (विप्लव)। तस्बिरः राधिका कँडेल/रासस

## लोकतन्त्रमा अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हक अपरिहार्य छ- राष्ट्रपति

**रासस**
**काठमाडौं, ६ असोज**

राष्ट्रपति विद्यादेवी भण्डारीले विश्वव्यापी मान्यताप्राप्त निकाय प्रेस काउन्सिलले सञ्चार क्षेत्रलाई अब्बलरूपमा उभ्याउन कोसिस गर्नुपर्ने बताउनुभएको छ।

प्रेस काउन्सिल नेपालको ५२औँ वार्षिकोत्सवका अवसरमा बुधबार आयोजित समारोहमा उहाँले त्यसका लागि काउन्सिललाई स्वतन्त्र, स्वायत्त र प्रभावकारी बनाउन सबै निकायबाट सहयोग हुनुपर्ने आवश्यकता औँल्याउनुभयो । राष्ट्रपति भण्डारीले भन्नुभयो, "जिम्मेवार पत्रकारिता, सुसूचित आमजनता र जवाफदेही सरकार लोकतन्त्रका परिसूचक हुन् । लोकतन्त्रको अभ्यासमा आमसञ्चारको क्षेत्रमा देखिएका कमीकमजोरी हट्दै जानेछन् । पत्रकारजगत्‌बाट आचारसंहिता पालना हुनेछ ।" दुई वर्ष सञ्चारमाध्यम र पत्रकार जगत्‌ले कोभिड-१९ को महामारीबाट पीडित हुने परेकामा दुःख लागेको बताउँदै उहाँले सङ्क्रमणको जोखिमपूर्ण परिस्थितिमा पनि समाचार सम्प्रेषणका माध्यमद्वारा पेशाप्रतिको दायित्व बहन भएको भनी सराहना गर्नुभयो।

लोकतन्त्र र आमसञ्चार क्षेत्र एकअर्काको परिपूरक भएकाले लोकतन्त्र र मानवअधिकार प्रवर्द्धनका लागि आमसञ्चार क्षेत्रले अभिन्न अङ्गका रूपमा काम गरिरहेको बताउँदै राष्ट्रपति भण्डारीले भन्नुभयो, "लोकतन्त्रको सफलताका लागि अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हक अपरिहार्य छ।"

कानून, न्याय तथा संसदीय मामिलामन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले विश्वमा विकसित भएका नयाँ प्रविधिको प्रयोगलाई आत्मसात् गरी परिमार्जित र व्यवसायी बन्दै अघि बढेकै कारण नेपालको सञ्चार क्षेत्र उदाहरणीय बन्न सफल भएको बताउनुभयो। उहाँले भन्नुभयो, "सञ्चार क्षेत्रको विकास, सदृढीकरण र सुव्यवस्थित गर्न सरकार जिम्मेवारी लिन तयार छ, समाजलाई सुसंस्कृत र अनुशासित बनाउन सञ्चार क्षेत्र जिम्मेवार भई काम गर्नुपर्छ। यस मामिलामा नेपाली सञ्चारक्षेत्र निष्ठावान रहिआएको छ।"

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव डा वैकुण्ठ अर्यालले पत्रकारिता क्षेत्रको नियमन निकायका रूपमा रहेको प्रेस काउन्सिलले सजग, सतर्क र चनाखो भएर सत्यतथ्यसहितको सान्दर्भिक सूचना सम्प्रेषण गर्ने गराउने विषयमा क्रियाशील हुन आवश्यक रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "पत्रकारितालाई गतिशील, मर्यादित, निष्पक्ष र विश्वसनीय तुल्याउने सवालमा मन्त्रालयले सधैँ सहयोग पुऱ्याउने छ ।" काउन्सिलका अध्यक्ष बालकृष्ण बस्नेतले काउन्सिलबाट पत्रकारिता क्षेत्रलाई स्वच्छ, निष्पक्ष र मर्यादित तुल्याउन

बाँकी अन्तिम पृष्ठमा ▶▶

हार्दिक बधाई



श्री जिवन तिवारी

लेखनाथ उद्योग वाणिज्य संघको हालै सम्पन्न १३ औ साधारण सभाबाट सदस्य पदमा निर्वाचित हाम्रा दाजु तथा भाइ जिवन तिवारी लाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना सहित उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

शोभाकान्त सिग्देल / सम्झना सिग्देल
माधव तिवारी / अन्जना तिवारी

## डा खड्का परराष्ट्रमन्त्री नियुक्त

**रासस**
**काठमाडौं, ६ असोज**

राष्ट्रपति विद्यादेवी भण्डारीले नेपाली काङ्ग्रेसका सांसद डा.नारायण खड्कालाई परराष्ट्रमन्त्री नियुक्त गर्नुभएको छ।

राष्ट्रपतिले प्रधानमन्त्री शेरबहादुर देउवाको नेतृत्वमा गत असार २९ गते गठित मौजुदा मन्त्रिपरिषद्मा प्रधानमन्त्रीको सिफारिसमा नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम डा खड्कालाई परराष्ट्र मन्त्री नियुक्त गर्नुभएको हो । राष्ट्रपति भण्डारीले नवनियुक्त मन्त्री खड्कालाई आजै अपराह्न पद तथा गोपनीयताको शपथ गराउने कार्यक्रम रहेको राष्ट्रपति कार्यालयका प्रवक्ता जगन्नाथ पन्तले बताउनुभयो।

परराष्ट्रमन्त्री डा नारायण खड्काको जन्म २००५ साल चैत ७ गते भोजपुरमा भएको हो । विसं २०२३ मा विद्यार्थी आन्दोलनबाट राजनीतिमा लाग्नुभएका उहाँले

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# अन्तर्राष्ट्रिय कला प्रदर्शनी शुभारम्भ

**पोखरापत्र संवाददाता**
**कास्की, ६ असोज**

'कलाकारका लागि कलाकार' भन्ने नाराका साथ अन्तर्राष्ट्रिय खुल्ला अनलाइन कला प्रतियोगिता तथा प्रदर्शनी-२०७८ मङ्गलबारदेखि सुरु भएको छ।

नगेन न्यूज पब्लिकेसन प्रालिद्वारा आयोजित प्रदर्शनीको गण्डकी प्रदेशका पर्यटन, उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री मणिभद्र शर्मा कँडेलले डिजिटल प्रविधिबाट उद्घाटन गर्दै कोरोना भाइरस सङ्क्रमण जोखिमको समयमा पनि कलाकारका लागि अन्तर्राष्ट्रिय कला प्रतियोगिता तथा प्रदर्शनी वर्तमानको बाध्यतासँगै अवसर बन्ने विश्वास व्यक्त गर्नुभयो।

नेपाल पत्रकार महासङ्घ कास्कीका अध्यक्ष विमला भण्डारीले चित्रकलालाई पत्रकारले पनि प्राथमिकतामा राख्नुपर्ने बताउँदै पोखराबाट यो प्रर्दशनीको सुरु हुनु गौरवको विषय भएको बताउनुभयो।

प्रायोजक, समर्थक र प्रवर्द्धक बिना नै कलाकारका लागि कलाकार भन्ने नाराका साथ कला र कलाकारको समृद्धि, विकास र प्रवर्द्धनका लागि अन्तर्राष्ट्रिय अनलाइन खुल्ला कला प्रतियोगिता तथा प्रदर्शनी आयोजना गरिएको नगेन न्युज पब्लिकेसन प्रालिका अध्यक्ष ज्योति हमालले जानकारी दिनुभयो । प्रदर्शनीका क्रममा कलाकृति बिक्री भई उठेको रकममध्ये ७० प्रतिशत कलाकारलाई र १०/१० प्रतिशत रकम पुरस्कार, कल्याणकारी कार्यक्रम तथा स्मारिकालाई छुट्याइने उहाँले जानकारी दिनुभयो। उहाँका अनुसार १८ देखि ८६ वर्ष उमेर समूहका १५ देशका १६० कलाकार, दुईजना अप्रतियोगी र पाँच निर्णायक गरी १६७ कलाकारले विभिन्न माध्यम, तरिका र साइजमा बनाएका कलाकृति एक महिनासम्म धधधा लबनभलबचताअफ मा प्रदर्शनीमा राखिनेछ । कोरोना महामारीका समयमा कलाकारका समस्याबारे कोही कसैले चिन्ता नगरेको वास्तवितामा उनीहरूको सोसियल मिडियामार्फत कलाकारले पनि केही गर्नुपर्ने आवश्यक भएको महसुस गर्दै 'कलाकारका लागि कलाकार' प्रतियोगिता तथा प्रदर्शनी गरिएको नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका पूर्वसभासद् प्राज्ञ नगेन सिंह ठकुरीले बताउनुभयो।

प्रतियोगिताको निर्णायकमा पञ्जाव विश्वविद्यालको कला र डिजाइन कलेजका प्राध्यापक डा सुमेर जावाड, गुवाहाटी आसामका विश्वव्यापी कलाकार दादुल चालिहा, शान्ता मरियम युनिभर्सिटी ढाकाका प्राध्यापक दिवान मिजान, ललितकला केन्द्रीय विभाग, त्रिविका प्राध्यापक प्राज्ञ ज्योतिप्रकाश बिके तथा नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका पूर्वसभासद् प्राज्ञ नगेनसिंह ठकुरी रहनुभएको छ।


गत जेठ ३० गते पुरस्कारका लागि दरखास्त आह्वान गरिएकामा १५ राष्ट्रका १६० कलाकारका आट्स उपलब्ध भएकामा २७ जनालाई पुरस्कारका लागि छनोट गरिएको छ । छनोट हुनेमा नेपाल, भारत, पाकिस्तान, मलेसिया, बङ्गलादेश, इटाली, श्रीलङ्का, थाइल्यान्ड, क्युवा, युके, आयरल्यान्ड, फिलिपिन्स, रोमानिया, फ्रान्स र अष्ट्रेलियाका कलाकार रहेको आयोजकले जनाएको छ।

## लोकतन्त्रमा...

भइरहेका विभिन्न प्रसासबारे जानकारी गराउनुभयो।

कोभिड-१९ का कारण आमसञ्चार क्षेत्र निकै प्रभावित भएका, कैयौँ सञ्चारगृह बन्द भएका र पत्रकारले रोजगारी गुमाउन परेका घटना सुनाउनुभयो । पुरस्कृत व्यक्तित्व भारत दत्त कोइरालाले पत्रकारिता क्षेत्रमा बौद्धिक, आँटिलो र जोसिलो व्यक्तित्वको परिचय स्थापित गरेर बिदा हुनुभएका स्व गोपालदास श्रेष्ठका नाममा स्थापित पुरस्कार प्राप्त भएकामा त्यसबेलाका व्यक्ति र पत्रकारिताको स्मरण भएको बताउनुभयो।

समारोहमा राष्ट्रपति भण्डारीले काउन्सिलको पहिलो प्रकाशन वार्षिक अङ्ग्रेजी संस्करण 'पीसीएन इयर बुक २०२०/२१' संहिता र काउन्सिलको ४६औँ वार्षिक प्रतिवेदनको लोकार्पण गर्नुभयो।



मुक्तिनाथ मन्दिर खुल्ला हुने : हिमालपारिको जिल्ला मुस्ताङमा रहेको प्रसिद्ध मुक्तिनाथ मन्दिर यही असोज १० गतेदेखि सर्वसाधारणका लागि खुल्ला हुने। तस्वीर : निरज थकाली

# नेपालको अर्थतन्त्रमा सामान्य वृद्धि हुने एडिबीको प्रक्षेपण

**रासस**
**काठमाडौं, ६ असोज**

एशियाली विकास बैंक (एडिबी)ले सन् २०२२ मा नेपालको अर्थतन्त्र (बजार मूल्यमा) ४.१ प्रतिशतले बढ्ने प्रक्षेपण गरेको छ । बैंकको प्रमुख प्रकाशन 'एशियाली विकास परिदृश्य' लाई आज अद्यावधिक गर्दै उसले नेपालको अर्थतन्त्रमा सामान्य वृद्धिको प्रक्षेपण गरेको हो। बैंकले सन् २०२१ मा नेपालको आर्थिक वृद्धि २.३ प्रतिशतमा सीमित रहने अनुमान गरेको थियो।

पर्याप्त वर्षा भएकाले आगामी वर्ष धान उत्पादनमा बढोत्तरी हुने, औद्योगिक उत्पादन पनि बढ्ने अपेक्षा परिदृश्यमा गरिएको छ भने निर्यातमा भएको सुधार र राष्ट्रिय खोप अभियानले सङ्क्रमण घटाउने विश्लेषणका आधारमा सङ्कुचित अर्थतन्त्रमा सुधार आउने अनुमान गरिएको हो।

पेट्रोलियम पदार्थको उच्च मूल्यका कारण मुद्रास्फीति भने ५.२ प्रतिशत रहने प्रक्षेपण गरिएको छ। यसअघि त्यो ३.६ प्रतिशतमा सीमित रहने आकलन गरिएको थियो।

जलविद्युत् उत्पादनमा वृद्धि भएसँगै पेट्रोलियम पदार्थको आपूर्ति पनि क्रमशः घट्ने र त्यसले भुक्तानी सन्तुलनमा कम चाप पर्नेछ । विप्रेषण आय र निर्यातमा वृद्धि भए पनि चालु खाता घाटा उच्च रहने प्रतिवेदनमा उल्लेख छ।

# एक हजार ४७८ जनामा संक्रमण

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ असोज**

नेपालमा पछिल्लो २४ घण्टामा एक हजार ४७८ कोरोना भाइरस संक्रमित थपिएका छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले बुधबार गरेको पत्रकार सम्मेलनमा मन्त्रालयका प्रवक्ता डा कृष्णप्रसाद पौडेलले १३ हजार ९३० वटा नमूना परीक्षण गर्दा एक हजार ४७८ जनामा संक्रमण पुष्टि भएको जानकारी दिनुभयो।

नेपालमा संक्रमण दर १९ दशमलव एक प्रतिशत रहेको छ । योसँगै हाल देशभर सक्रिय संक्रमित २१ हजार १३९ जना रहेका छन् । उहाँका अनुसार ५०० भन्दाबढी संक्रमित भएका जिल्ला नौ र २०० भन्दा बढी संक्रमित भएका जिल्ला २१ छन् । पछिल्लो २४ घण्टामा एक हजार ६३० जना संक्रमणमुक्त भएका छन् । योसँगै नेपालमा हालसम्म संक्रमणमुक्त हुने कूल सङ्ख्या सात लाख ५५ हजार ६३० छ। नेपालमा संक्रमणमुक्त हुने दर ९५ दशमलव नौ प्रतिशत छ। यस्तै संक्रमणबाट पछिल्लो २४ घण्टामा छ जनाको ज्यान गएको छ । अहिलेसम्म संक्रमणबाट ११ हजार ५९ जनाको निधन भइसकेको छ। हाल देशभर ३३४ जना सघन उपचार कक्षमा, ११९ जना भेन्टिलेटरमा, १९ हजार ८०५ जना होमआइसोलेसन, एक हजार ३३४ जना संस्थागत आइसोलेसन र २४३ जना क्वारेन्टिनमा छन्।

बुधबार एक लाख ५६ हजार १८ जनाले खोप लगाएका छन् । अहिलेसम्म पहिलो मात्रा ६२ लाख ६२ हजार ८७० र पूर्णमात्रा ५७ लाख ५२ हजार ८५३ जनाले लगाइसकेका छन्।

## 'जतिसक्दो चाँडो सरकारलाई पूर्णता दिइने'

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ असोज**

सत्ता गठबन्धनको बैठकमा सरकारलाई पूर्णता दिने विषयमा छलफल भएको छ। प्रधानमन्त्री निवास बालुवाटारमा भएको गठबन्धनको बैठकमा जतिसक्दो चाँडो मन्त्रिपरिषद् विस्तार गर्ने विषयमा छलफल भएको बैठकमा सहभागी नेपाली काँग्रेसका महामन्त्री पूर्णबहादुर खड्काले जानकारी दिनुभयो।

"बैठकमा मन्त्रिपरिषद् विस्तार, सदन सञ्चालन, सदनमा पेश भएका विभिन्न विधेयकका बारेमा छलफल भयो", उहाँले भन्नुभयो, "जतिसक्दो चाँडो मन्त्रिपरिषद्लाई पूर्णता दिने विषयमा पनि छलफल भयो ।" प्रधानमन्त्री एवं नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाको अध्यक्षतामा बसेको बैठकमा नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र नेता नारायणकाजी श्रेष्ठ, नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपाल, जनता समाजवादीका अध्यक्ष डा बाबुराम भट्टराई र उपेन्द्र यादव तथा कानून न्याय तथा संसदीय मामिलामन्त्री ज्ञानेन्द्रबहादुर कार्की सहभागी हुनुहुन्थ्यो।

# अध्यक्ष नेपालद्वारा प्रस्तुत प्रस्ताव पारित

**रासस**
**काठमाडौं, ६ असोज**

नेकपा (एकीकृत समाजवादी) पार्टीले अध्यक्ष माधवकुमार नेपालद्वारा प्रस्तुत प्रस्ताव केन्द्रीय कमिटिको सुझावलाई समावेश गरी सर्वसम्मतले पारित गरेको छ।

पार्टीको मङ्गलबारदेखि सुरु बैठकमा अध्यक्ष नेपालले प्रस्तुत गर्नुभएको राजनीतिक प्रस्तावमाथि आज समूहगतरूपमा छलफल भएको थियो। पाँच वटा समूहमा पार्टी केन्द्रीय सदस्यले आआफ्नो धारणा राख्नुभएको प्रचार विभाग प्रमुख जगन्नाथ खतिवडाले बताउनुभयो।

समूहका छलफलका क्रममा आएका धारणाका निष्कर्षलाई समूह नेताले बैठकमा प्रस्तुत गर्नुभएको थियो । बुधबारको बैठकमा समूह १ बाट रामकुमारी झाँक्री, समूह २ बाट रामचन्द्र साह तेली, समूह ३ बाट रमा आले, समूह ४ बाट श्रीप्रसाद साह र समूह ५ बाट दिनेशकुमार राईले आआफ्नो समूहका छलफलमा उठेका विषयको निष्कर्ष प्रस्तुत गर्नुभयो। बैठकमा उठेका विषयमा अध्यक्ष नेपालले विगतमा जनताको बहुदलीय जनवाद (जबज) लाई कुरूप बनाउने काम गरिएको बताउनुभयो। जबज मार्क्सवादको सिर्जनात्मक प्रयोगको एक अध्याय भएको उहाँको भनाइ छ। पार्टीले जबजको देवत्वकरण र कुरूपीकरण दुवै नगर्ने उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "हामी जबजलाई विकसित गर्नेछौँ, त्यसलाई समृद्ध पार्नेछौँ।

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) को मङ्गलबार सुरु केन्द्रीय कमिटीको प्रथम बैठक दोस्रो दिन पनि पूर्वनिर्धारित कार्यसूचीअनुसार जारी रहेको प्रवक्ता खतिवडाले जानकारी दिनुभयो । केन्द्रीय कमिटीको बैठक बिहीबार पनि जारी रहने छ। भोलि बिहान ११ बजे नयाँ बानेश्वरस्थित अर्पण बैंक्वेटमा बैठक बस्नेछ। नेकपा (एमाले) बाट अलग भई गठन भएको एकीकृत समाजवादी पार्टीको यो केन्द्रीय कमिटीको पहिलो बैठक हो । पार्टीको हालसम्ममा देशका ५५ जिल्लामा कार्यसमिति गठन भइसकेको छ। बैठकमा पार्टीका विभिन्न विभाग, जनवर्गीय सङ्गठन, सम्बन्धित आयोगका गठन, विस्तार र सुदृढीकरणलगायत विषयमा छलफल हुनेछ।

बैठकमा केन्द्रीय कार्यसमितिलाई पूर्णता दिनेबारेमा समेत छलफल हुने बताइएको छ। अध्यक्ष नेपालको संयोजकत्वमा हालै स्थायी कमिटी, सचिवालय, प्रदेश इन्चार्ज र विभिन्न विभाग गठन गरिएको थियो । प्रदेश, जिल्ला र स्थानीय तहमा समेत भेला, बैठक गरी राजनीतिक कार्यक्रम सञ्चालन भइरहेका छन् । युवा र विद्यार्थी सङ्गठन स्थापना गरिएका छन् भने प्रेस सङ्गठन घोषणाको क्रममा छ।

## डा.खड्का...

कांग्रेसको विद्यार्थी फाँट हुँदै पार्टीगत राजनीतिमा सक्रिय रहेर नेपाली कांग्रेसको केन्द्रीय सदस्य हुनुभएको छ । विसं २०६४ मा उदयपुर-१ बाट संविधानसभा सदस्य निर्वाचित हुनुभएका उहाँ २०७० सालको दोस्रो संविधानसभा सदस्य निर्वाचनमा पनि सोही क्षेत्रबाट निर्वाचित हुनुभएको हो।

सोही स्थानबाट २०७४ सालमा प्रतिनिधिसभा सदस्य निर्वाचित डा खड्का अन्तर्राष्ट्रिय सम्बन्ध समितिको सदस्य हुनुहुन्छ। विसं २०७० मा उहाँ सहरी विकास मन्त्री हुनुहुन्थ्यो भने २०५६ सालमा तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईका सल्लाहकार हुनुहुन्थ्यो । उहाँले २०५७ सालमा राष्ट्रिय योजना आयोगको उपाध्यक्षका रूपमा काम गरिसक्नुभएको छ। राजनीतिक आन्दोलनका क्रममा काठमाडौँ र विराटनगरमा पटकपटक पक्राउ पर्नुभएका उहाँ विभिन्न समयमा पाँचपटक जेल पनि पर्नुभएको थियो । राजनीतिसँगै अध्ययन र समाजसेवमा विशेष रुचि राख्ने मन्त्री खड्का चार दशकदेखि राजनीतिमा सक्रिय हुनुहुन्छ । अर्थशास्त्रमा विद्यावारीधि गर्नुभएका उहाँ नेपाली कांग्रेसको प्रभावशाली नेता मानिनुहुन्छ। उहाँ संविधानसभा पदकलगायत विभिन्न पदकबाट सम्मानित भइसक्नुभएको छ।

**चाडपर्वको बेला सवारी साधनमा भिडभाड नगरौं, मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं ।**

*दुर्घटनाबाट आफू पनि बचौं र अरूलाई पनि बचाऔं ।*

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

**तुरुन्त बिक्रीमा**

चालु अवस्थामा रहेको पोखरा-१४ छिनेडाँडामा अवस्थित ओशो राइसमिल एण्ड कृष्ण स्टोर्स तुरुन्त बिक्रीमा छ । मूल्य आपसी समझदारीमा हुनेछ ।


सम्पर्क:
मो. ९८१६७७४५२४, ९८२६१९३२२५

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: **पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरूषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

आत्मा अमर छ, न यो जन्मन्छ न मर्छ। –गीता

## सम्पादकीय

# राजदूत फिर्ता अपरिपक्व निर्णय

कांग्रेस सभापति शेर बहादुर देउवा नेतृत्वको गठबन्धन सरकारले पुर्णता नपाउँदै केपी शर्मा ओली सरकारले नियुक्ति दिएका १२ देशका राजदूतलाई फिर्ता बोलाउने निर्णय गरेको छ। ओली सरकारले राजदूत सिफारिस गरेका ११ जनाको शुरुमै निर्णय बदर गरेको थियो। सरकारको हठातको निर्णयले पहिल्यै खाली रहेका ११ देशसहित २३ देशमा नेपाली राजदूत रिक्त हुने भएका छन्।शक्तिशाली मुलुक भारत, चीन र अमेरिकामा राजदूत किन फिर्ता बोलाउनु परेको हो स्पष्ट पारेको छैन। भारत ,चीन र अमेरिकामा नियुक्ति पाएका राजदूत मन्त्री स्तरक राजनीतिक आधारमा नियुक्त भएका हुन। 'राजनीतिक आधारमा नियुक्त भएका सबै राजदूतलाई फिर्ता बोलाउने निर्णय गरेर आफ्न कार्यकर्ता भर्ती गर्ने भएको छ।

सरकारको उक्त निर्णयपछि नीलाम्बर आचार्य (भारत), महेन्द्रबहादुर पाण्डे (चीन) र डा. युवराज खतिवडा (अमेरिका) फिर्ता हुनुपर्नेछ। यी तीन देशमा नेपालको महत्वपूर्ण कूटनीतिक गतिविधि हुने भएकाले राजदूतलाई मन्त्रीस्तरको ओहदा दिइएको हो। फिर्ता बोलाइएका अन्य राजदूतमा लोकदर्शन रेग्मी (बेलायत), प्रतिभा राणा (जापान), डा. वंशीधर मिश्र (बंगलादेश), नारदमुनि भारद्वाज (कतार), अञ्जान शाक्य (इजरायल), उदयराज पाण्डे (मलेसिया), शर्मिला पराजुली ढकाल (ओमान), दावाफुटी शेर्पा (स्पेन) र डा. निर्मलकुमार विश्वकर्मा (दक्षिण अफ्रिका) छन्।

नयाँ सरकार गठनलगत्तै राजदूत फिर्ता गर्ने चलनले राजदूतलाई देशको नभएर दलको बनाउन खोजिएको छ। अघिल्लो सरकारले प्रस्तावित गरेका ११ राजदूतको सिफारिस नयाँ सरकार बनेलगत्तै खारेज गरिएको थियो। राजदूत नियुक्तिसम्बन्धी सरकारको मापदण्डअनुसार परराष्ट्र सेवाबाट ५० र राजनीतिक पृष्ठभूमिबाट ५० प्रतिशत नियुक्त गर्नुपर्छ। नेपालका आवासीय दूतावास रहेका ३३ देशमा १७ जनाको राजनीतिक नियुक्ति हुनेछ भने ६ जना परराष्ट्र सेवाका सहसचिवहरूले नियुक्ति पाउनेछन्। अहिले परराष्ट्र सेवाका १० जना राजदूत छन्।

फिर्ता हुनेमा जापानका लागि नेपाली राजदूत प्रतिभा राणा पनि पर्छिन। उनको पदावधि सकिन १० दिन मात्रै बाँकी छ। प्रधानमन्त्री देउवाले आफ्नै सासुलाई समेत फिर्ता बोलाएको नाटक देखाउन हो। ओमानका लागि शर्मिला पराजुलीको कार्यकाल सकिए पनि अघिल्लो सरकारले अर्को व्यवस्था नभएसम्मका लागि उनको पदावधि थप गरेको थियो। सरकारको निर्णयबाट राजदूतहरू फिर्ता गर्ने कदमले कूटनीतिक अपरिपक्वता देखाएको छ। देशभित्र मन्त्रिमण्डललाई पूर्णता दिन नसक्ने सरकारले महत्वपूर्ण कूटनीतिक क्षेत्रमा हात हाल्नुपर्ने अवस्था आएको थिएन। यो सरकारको अपरिपक्व निर्णय हो। भट्टराईले नयाँ 'राजदूतहरूको मूल्यांकन कामका आधारमा हुनुपर्छ, लहडमा होइन। सरकारको यो निर्णयले मुलुकको छवि बिग्रिने स्थिति आएको छ।'

राजदूतहरूले देशको र सरकारको सही प्रतिनिधित्व नगरेको महसुस गर्दा कुनै पनि समय फिर्ता गर्न सक्छ। नेपालको ३० देशमा आवासीय दूतावास, तीनवटा संयुक्त राष्ट्रसंघका लागि स्थायी नियोग र ६ महावाणिज्य दूतावास छन।राजनीतिक अस्थिरता र दलका कार्यकर्ता भर्न खोज्दा अस्ट्रिया, अस्ट्रेलिया, रुस, इजिप्ट, श्रीलंका, दक्षिण कोरिया, डेनमार्क, साउदी अरब, ब्राजिल, बहराइन, म्यानमार मा राजदूत छैनन्। धन्न परराष्ट्र सेवाका १० राजदूत भने फिर्ता भएका छैनन्।

अमृतबहादुर राई (न्युयोर्क, राष्ट्रसंघीय स्थायी नियोग), गणेशप्रसाद ढकाल (थाइल्यान्ड), तापस अधिकारी (पाकिस्तान), मणिप्रसाद भट्टराई (स्वीटजरल्यान्ड), भृगु ढुंगाना (क्यानडा), दुर्गाप्रसाद भण्डारी (कुवेत), रामकाजी खड्का (जर्मनी), गेहेन्द्र राजभण्डारी (बेल्जियम), दीपक अधिकारी (फ्रान्स) र कृष्णप्रसाद ढकाल (युएई) छन।राजदूतलाई देशको प्रतिनिधि बनाउनुपर्नेमा दलको, नेतालाई रिझाउन सक्ने र चन्दा दिने खोज्ने कारणले यो अवस्था आएको हो यो प्रबृत्ति नहटाए सम्म हम्मे कुटनैतिक क्षमता कमजोर हुनेछ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : सत्कार मिल्नेछ |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : झमेला बड्ने |
| कर्कट | : शत्रुको भय | मकर | : मन चञ्चल |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : मानसिक तनाब |
| कन्या | : सम्मान मिल्नेछ | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# मर्दी ट्रेकमा आन्तरिक पर्यटकको चहलपहल

– कृष्ण दवाडी
कास्की, ६ असोज

कास्कीको मर्दी हिमाल पदयात्रामा आन्तरिक पर्यटक पुग्न थालेपछि पर्यटन व्यवसायीमा उत्साह बढेको छ।

कोरोनाले शिथिल यस पर्यटनमार्गमा पछिल्ला दिनमा दैनिक आन्तरिक पर्यटक आउन सुरु गरेको त्यस क्षेत्रका व्यवसायी बताउछन्। विदेशी पर्यटकले पनि सोधीखोजी शुरु गरेका छन्। कोभिड अघिको अवस्थामा यहाँको पयर्टन फर्किन समय लाग्ने भए पनि स्वदेशी पदयात्रीको चहलपहल सुरु भएकाले आशा जगाएको छ। मर्दी ट्रेकमा होटल व्यवसाय सञ्चालन गर्दै आउनुभएका पर्यटन व्यवसायी सुदीप गौतमले अहिले पदयात्रामा आन्तरिक पर्यटक आउन सुरु गरेको बताउनुभयो। "नेपाली हिँडन् थालेका छन्, विदेशीको पनि सोधपुछ आउन थालेको छ",गौतमले भन्नुभयो,"दिनमा १५/२० जना नेपाली पर्यटक आएका छन्।" दसैंको बिदा सुरु भएलगत्तै थप पर्यटक आवागमन हुने ठानिएको छ। सरकारले आगामी फागुनसम्म सबैलाई कोरोना खोप दिने बताएको र अहिले पनि केहीले खोप पाइसकेकाले मर्दी क्षेत्रको पर्यटन विस्तारै पहिलाकै अवस्थामा फर्किनेमा आशावादी रहेको उहाँ बताउनुहुन्छ।

मर्दी पदयात्राका धम्पुस, अष्ट्रेलियन, पोथना, हाइ र लो क्याम्पका होटल तथा रेष्टुराँटसमेत अहिले खुलेका छन्। होटलमा आउने पर्यटकका लागि स्वास्थ्यमापदण्ड पालना गराउने गरिएको गौतमले बताउनुभयो। विदेशी पर्यटक आउन समय लाग्ने भएकाले आन्तरिक पर्यटकमै अझै केही महिना पर्यटन निर्भर हुने बताइन्छ। विशेषगरी दसैंको आसपासमा यस क्षेत्रमा पर्यटकको बाक्लो चहलपहल हुने गरेको छ। विगत वर्षमा विदेशी पर्यटक उल्लेख्य हुने गरे पनि दुई वर्षयता विदेशीको आगमन ठप्प छ। छोटो अवधिमा नजिकबाट हिमशृङ्खलाको अवलोकन मर्दी पदयात्राको आकर्षण हो। पदयात्री मौसमानुसारका फूल फुल्ने हरियालीसँग यात्राका क्रममा आनन्दित हुने गर्दछन्।

गत वर्ष दसैं तिहारमा पर्यटकको घुँइचो भएपछि कोभिड-१९ को सम्भावित जोखिम न्यूनीकरणका लागि पदयात्रामा आउने पर्यटकसँग पिसिआर रिपोर्ट अनिवार्य गरिएपछि पर्यटक घटेका थिए। पछि निषेधाज्ञा जारी भएपछि सबै होटल बन्द गरिएका थिए। मर्दी हिमाल पर्यटन व्यवस्थापन समितिका अध्यक्ष पूर्णबहादुर गुरुङले सो क्षेत्रका पर्यटन व्यवसायीलाई कोभिड विरुद्धको खोपका लागि जिल्ला प्रशासन तथा गाउँपालिकासँग पहल गरिएको बताउनुभयो।

स्वदेशी विदेशी पर्यटकको चहलपहल सुरु भएसँगै आफूहरू पनि खोप लगाएर निर्धक्कका साथ पर्यटकलाई स्वागत गर्न चाहेको बताउनुभयो। उहाँले भन्नुभयो, "कोभिडले दुई वर्ष हामी मारमा पर्यौं। अहिले सरोकारवाला सबैसँग सल्लाह गरेर होटल व्यवसाय खोलेका छौं। खोप लगाएर ढुक्क भएर पर्यटकको स्वागत गर्न चाहेका छौं। अबको पालोमा खोपको व्यवस्था हुन्छ भनेर आश्वासन पाएका छौं।"

अहिले पानी पर्न विस्तारै कम हुँदै गएर मौसम खुल्दै गएकाले समेत हिमालको सुन्दरता र गाउँठाउँको हरियालीले पर्यटकलाई स्वागत गरिरहेको गुरुङ बताउनुहुन्छ।

मर्दी पदयात्रामा जाने पोखराबाट धम्पुस तथा अन्नपूर्ण गाउँपालिकाको अष्ट्रेलियन क्याम्प, पोथना देउराली, फरेष्ट क्याम्प, लो क्याम्प, हाइक्याम्प हुँदै चार हजार ५०० मिटर उचाइमा अवस्थित मर्दी हिमालको आधार शिविरसम्म पुग्ने गर्दछन्। पोखराबाट जीपमा माछापुच्छ्रे गाउँपालिकाको सिदिङसम्म पुगेर त्यहाँबाट समेत मर्दी हिमाल पुग्न सकिन्छ।

पछिल्लो समय पोखरा-२५ को मेलबोटदेखीनै पदयात्रा शुरु गर्ने गरी नयाँ पदयात्रामार्गको खोजी गरेर पैदलमार्ग निर्माण गरिएको हो। मेलबोटदेखि पदयात्रा सुरु भएर, अस्ताम, धिताल, धम्पुस, प्रितमदेउराली तथा धिताल ल्वाङ, घलेल कालीमाटी हुँदै मर्दी हिमाल जोड्ने गरी पदयात्रामार्ग विकास गर्ने योजना अनुसार पूर्वाधार निर्माण गरी नयाँ बाटोको विकास गरिएको छ।

गण्डकी प्रदेश सरकारको गत आर्थिक वर्षमा रु १० लाख बजेट र जर्मनस्थित एक विदेशी संस्थाको रु चार लाख ५० हजार आर्थिक सहयोगमा मेलबोटदेखि अस्तामसम्मको विभिन्न स्थानको अप्ठ्यारो ठाउँमा ५०० मिटर पैदलयात्रा निर्माण गरिएको मेलबोट-अस्ताम-धिताल-धम्पुस-मर्दी हिमाल पदमार्ग निर्माण समितिका संयोजक पर्यटन व्यवसायी विश्व अधिकारीले जानकारी दिनुभयो।

# सोह्र श्राद्धको अपराह्नकाल : कुन तिथि कतिखेर गर्ने ?

– पूर्णप्रसाद मिश्र
काठमाडौं, ६ असोज(रासस)

दिवङ्गत पितृका नाममा प्रत्येक वर्ष आश्विन कृष्ण पक्षमा गरिने सोह्र श्राद्धका लागि आवश्यक पर्ने अपराह्नकालको समय निर्धारण गरिएको छ।

धर्मशास्त्रका विभिन्न ग्रन्थमा सोह्र श्राद्ध अपराह्नकालमा गर्नु भन्ने वचनअनुसार पञ्चाङ्गकार एवं तोयनाथ पन्तको पात्रोका सम्पादक सूर्यनाथ पन्तले सोह्र श्राद्धका सबै तिथिको समय निकाल्नुभएको हो।

पितृ पक्षसमेत भनिने सोह्र श्राद्ध यस वर्ष असोज ५ गते मङ्गलबारदेखि सुरुभएको छ। सोह्र श्राद्धमा अपराह्नकालमा पिण्डदान नगरे पितृले पाउँदैनन् भन्ने शास्त्रीय मत छ। मङ्गलबार प्रतिपदा तिथिको श्राद्ध दिँउसो १:०८ देखि ४:२२ बजेसम्ममा पिण्डदान गर्ने गरी निर्धारण गरिएको उहाँले जानकारी दिनुभयो। यो समयभित्रमै पिण्डदान गर्नुपर्नेछ। तर्पण, दियो पूजा, विश्वेदेवा एवं पितृ ब्राह्मणको आह्वान र पूजा तोकिएको समयअघि नै गर्न सकिने विधि छ। यो समयमा पिण्डदान नगरे पितृले पाउँदैनन् भन्ने शास्त्रीय वचन रहेको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक समितिका पूर्वअध्यक्ष प्रा डा रामचन्द्र गौतम बताउनुहुन्छ।

असोज ६ गते बुधबार द्वितीया तिथि श्राद्ध दिउँसो १:०८ देखि ४:२२ बजेसम्मको समय दिइएको छ। असोज ७ गते तृतीया तिथि श्राद्धको समय १:०७ देखि ४:२३ बजेसम्म छ। यस वर्ष असोज ८ गते शुक्रबार चतुर्थी तिथि श्राद्ध पनि १:०७ देखि ४:२३ बजेकै समयमा गनुपर्छ। यसैगरी पञ्चमी तिथि श्राद्ध असोज ९ गते शनिबार दिउँसो १:०६ देखि ४:२२ बजेसम्ममा गर्नुपर्नेछ। षष्ठी तिथि श्राद्ध असोज १० गते आइतबार १:०६ देखि ४:२२ बजेसम्ममा गर्नुपर्नेछ। सप्तमी तिथि श्राद्ध असोज ११ गते सोमबार १:०५ देखि ४:२३ बजेसम्ममा गर्नुपर्नेछ। यस वर्ष असोज १२ गते मङ्गलबार कुनै पनि तिथिको श्राद्ध नहुने नेपाल पञ्चाङ्ग निर्णायक समितिले स्वीकृति दिएका पञ्चाङ्ग (पात्रो) मा उल्लेख छ। अष्टमी तिथि श्राद्ध असोज १३ गते बुधबार दिउँसो १:०४ देखि ४:२३ बजेसम्ममा गर्नुपर्ने शास्त्रीय विधि छ।

नवमी तिथि श्राद्ध असोज १४ गते बिहीबार दिउँसो १:०४ देखि ४:२३ बजेसम्मै गर्नुपर्नेछ। दशमी तिथि श्राद्ध असोज १५ गते शुक्रबार १:०३ देखि ४:२३ बजेसम्ममा गर्नुपर्नेछ। एकादशी श्राद्ध असोज १६ गते शनिबार दिउँसो १:०३ देखि ४:२३ बजेसम्मैमा गर्नुपर्नेछ। द्वादशी तिथि श्राद्ध असोज १७ गते आइतबार १:०२ देखि ४:२३ बजेसम्ममा गर्नुपर्नेछ। यस वर्ष द्वादशी तिथिमा मघा परेको छ। मघा नक्षत्र परेका दिन छोरा हुनेले श्राद्ध गर्दैनन्। त्रयोदशी तिथि श्राद्ध असोज १८ गते सोमबार १:०२ देखि ४:२४ बजेसम्ममा गर्नुपर्नेछ।

यसैगरी चतुर्दशी तिथि श्राद्ध असोज १९ गते मङ्गलबार १:०१ देखि ४:२४ बजेसम्ममा गरिसक्नुपर्ने सम्पादक पन्तले बताउनुभयो। औंसी तिथि श्राद्ध असोज २० गते बुधबार दिउँसो १:०१ देखि ४:२४ बजेसम्ममा गरिसक्नुपर्नेछ। अपराह्नकाल पारेर पिण्डदान नगरेमा श्राद्ध गरेर पाइने फल पाउन नसकिने शास्त्रीय प्रमाण छ। विशेषगरी काठमाडौं उपत्यकालगायत ठूला सहरमा यो समस्या छ। आवतजावत गर्दा कोरोना फैलन सक्ने चिन्ता छ। कारणवश श्राद्ध रोकिँदा शास्त्रमा अनेक विकल्प दिइएका छन्। सोह्र श्राद्धकर्ताले आफ्ना पिताको तिथिमा गर्नुपर्ने विधान छ। आपत् धर्मअनुसार कुनै कारणवश अड्किएमा आश्विन कृष्ण औंसीदेखि आश्विन शुक्ल पञ्चमीसम्म गर्न हुने शास्त्रीय वचन रहेको धर्मशास्त्रविद् गौतम बताउनुहुन्छ।

पितृपक्ष अर्थात् सोह्र श्राद्धमा कोरोनाकै कारण श्राद्ध गर्न नसक्नेले आश्विन शुक्ल पञ्चमीसम्म पनि गर्न शास्त्रसम्मत् हुने उहाँले सुनाउनुभयो। यो समयमा पनि कारणवश सोह्र श्राद्ध गर्न नसकिएमा कार्तिक कृष्ण औंसी अर्थात् लक्ष्मीपूजाका दिन गर्न सकिन्छ। कार्तिक कृष्ण औंसीमा पनि गर्न नसकिने भएमा वृश्चिक सङ्क्रान्ति अर्थात् मङ्सिरसम्म जुराएर गर्न सकिने शास्त्रीय मत छ। यो विकल्प अहिले कोरोनाका कारण सिर्जना भएको जस्तै परिस्थितिका लागि दिइएको हो।

चाडपर्व यज्ञयागादि तथा ठूला कार्य गर्नुअघि पितृलाई श्रद्धा भक्तिका साथ सम्झिने वैदिक सनातन हिन्दू शास्त्रीय परम्पराअनुसार सोह्र श्राद्ध गर्ने गरिएको हो। दशैं, तिहारजस्ता सनातन धर्मावलम्बीले मनाउने ठूला पर्वअघि श्रद्धा, भक्तिका साथ दिवङ्गत पितृलाई सम्झन सोह्र श्राद्ध गर्न थालिएको हो। यस समयमा पितृले आस गरी बसेका हुन्छन् भन्ने शास्त्रीय मान्यता छ।

# तीन जिल्लामा पूर्ण खोप

रासस
काठमाडौं, ६ असोज

कोरोना भाइरसविरुद्धको खोप तीन जिल्लामा पूर्णमात्रामा लगाइएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता डा कृष्णप्रसाद पौडेलले मनाङ, मुस्ताङ र पूर्वरुकुममा सबै लक्षित जनसङ्ख्यामा पूर्णमात्रामा खोप लगाएको जानकारी दिनुभएको छ। यस्तै काठमाडौं उपत्यकामा ४० प्रतिशत, भक्तपुरमा ४१ प्रतिशत र ललितपुरमा ३८ प्रतिशतले कोरोना भाइरसविरुद्धको पूर्णमात्राको खोप लगाएको छ। मुलुकभरि करिब १८ प्रतिशत जनसङ्ख्याले पूर्णमात्राको खोप लगाएका छन्। सरकारले यही असोज मसान्तसम्ममा ३३ प्रतिशतलाई पूर्णमात्राको खोप लगाउने लक्ष्य राखेको छ।

# असोज १० गतेदेखि सर्वसाधारणका मुक्तिनाथ खुला गरिँदै

पोखरापत्र संवाददाता
म्याग्दी, ६ असोज

मुस्ताङमा रहेको प्रसिद्ध मुक्तिनाथ मन्दिर पाँच महिनापछि यही असोज १० गतेदेखि सर्वसाधारणका लागि खुला गरिने भएको छ।

गत वैशाखदेखि मुक्तिनाथमा नित्य पूजाबाहेक सर्वसाधारणका लागि दर्शन तथा पूजाआजामा रोक लगाइएको थियो। कोरोना महामारीका कारण बन्द रहेको मन्दिर सर्वसाधारणका लागि खुला गर्ने निर्णय गरिएको मुस्ताङका प्रमुख जिल्ला अधिकारी श्रीनाथ पौडेलले बताउनुभयो। मङ्गलबार प्रमुख जिल्ला अधिकारी पौडेलको अध्यक्षतामा बसेको कोभिड-१९ सङ्कट व्यवस्थापन समितिको बैठकले सङ्क्रमणदर न्यून रहेकाले मन्दिर खुला गर्ने निर्णय गरेको हो। जिप्रकाको आदेशअनुसार आसोज १० गतेदेखि मन्दिर सबैका लागि खुला हुने मुक्तिनाथ विकास समितिले जनाएको छ।

बैठकले कोरोना परीक्षण गरेको पिसीआर रिपोर्ट वा एन्टिजेन रिपोर्टका आधारमा मात्रै जिल्ला प्रवेश गर्न पाउने व्यवस्था गरेको छ। पिसीआर गरेको सात दिन र एन्टिजेन गरेको ७२ घण्टाभित्रको रिपोर्टका आधारमा मात्रै जिल्ला प्रवेश गर्न दिइने निर्णय गरिएको छ।

कोरोना खोप लगाएका व्यक्तिले सहज प्रवेश पाउनेछन्। मुक्तिनाथ झण्डै समुद्री सतहबाट तीन हजार ८०० मिटरको उचाइमा अवस्थित छ।

# बाढीले दुई घर पुरिए

पोखरापत्र संवाददाता
बागलुङ, ६ असोज

बागलुङको ढोरपाटन नगरपालिका–२ तारीखेतमा गए राति आएको भलसहितको बाढीले दुई घर पुरिएका छन्। बस्ती नजिकैको ठाडोखोलामा आएको बाढीले स्थानीय तमबहादुर महत र खिमबहादुर रसाइलीको घर पुरेको इलाका प्रहरी कार्यालय बुर्तिबाङका प्रमुख जयराम वन्तले जानकारी दिनुभयो।

बाढीले घर पुरिए पनि मानवीय क्षति नभएको वन्तको भनाइ छ। जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी इकवाल हवारीका अनुसार प्रहरी घटनास्थलतर्फ गइरहेको र प्रहरी पुगेपछि मात्रै क्षतिको विवरण आउने बताउनुभयो।

# बागलुङमा सामाजिक विकास कार्यालय स्थापना

पोखरापत्र संवाददाता
बागलुङ, ६ असोज

बागलुङमा गण्डकी प्रदेशअन्तर्गतको सामाजिक विकास कार्यालय स्थापना गरिएको छ। कार्यालयको गण्डकी प्रदेश सरकारका शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकासमन्त्री मेखलाल श्रेष्ठले मंगलबार उद्घाटन गर्नुभयो।

सो अवसरमा मन्त्री श्रेष्ठले सरकारले प्रदेशका ११ जिल्लामा सामाजिक विकास कार्यालय स्थापना गर्न लागेको जानकारी दिनुभयो। उहाँले नागरिक र सरकारको दूरी कम गर्न आफुनो भूमिका रहने बताउनुभयो। "मन्त्रालयले जनताको सुख, दुःख, ज्येष्ठ नागरिक, अपाङ्ग तथा मजदुरको पक्षमा काम गर्न कार्यालय स्थापना गरेको हो", मन्त्री श्रेष्ठले भन्नुभयो।

मन्त्री श्रेष्ठले कर्मचारी स्थायी सरकार भएका कारण सरकारले योजना निर्माण गर्ने र कर्मचारीले कार्यान्वयन गर्न सकेमा मात्रै सरकारको काम देखिने बताउनुभयो। पुरानो शिक्षा कार्यालयको एक भवनमा सामाजिक विकास मन्त्रालय स्थापना गरिएको सामाजिक विकास कार्यालयका कार्यालय प्रमुख डम्बरबहादुर जिसीले जानकारी दिनुभयो। कार्यालयमा १२ जनाको दरबन्दी रहेको छ।

# नेपाली समुदायको सम्मानमा जर्सीसिटीमा नेपालको झण्डा फहराइयो

रासस
काठमाडौं, ६ असोज

नेपाली समुदायको सम्मानमा ग्रोभ स्ट्रीट जर्सी सिटीमा रहेको काउन्सिल च्याम्बर्सको सिटी हलमा नेपालको झण्डा फहराइएको छ।

जर्सी सिटी महानगरको मुख्य प्रशासनिक सरकारी भवनको सो हलमा अमेरिकाको झण्डासँगै जर्सी सिटीका मेयर स्टेभन फुलपले नेपाली समुदायको सम्मानमा नेपालको झण्डा फहराएका हुन्। नेपालको राष्ट्रगान बजाउनुका साथै सिटी हल भवनको माथिल्लो तल्लामा सोमबार 'नेपालको झण्डा फहराएको दिवस' को दिन नेपाली झण्डा फहराइएको युएस नेपाल अनलाइनका सम्पादक प्रदीप परियार थापाले जानकारी दिनुभयो। जर्सी सिटीमा रोजगार एवं तालिम बोर्डकी सदस्य डा विष्णुमाया परियारको विशेष पहलमा नेपालको झण्डा फहराइएको हो। कार्यक्रममा मेयर फूलपकासाथै काउन्सिल प्रेसिडेंट जोयस वाटरम्यान, नेपाली कार्यबाहक महावाणिज्यदूत विष्णुप्रसाद गौतम, निवर्तमान काउन्सिल प्रेसिडेंट एवं काउन्सिलम्यान एट लार्ज रोलाण्डो लाभारो, जर्सी सिटी र जर्सी सिटीको रोजगारी र तालिमबोर्ड सदस्य डा विष्णुमाया परियारका साथै नेपाली समुदायका व्यक्तित्वको उपस्थीति रहको थियो।

जर्सी सिटी नेपालको झण्डा फहराउने दोस्रो अमेरिकी सहर हो। यसअगाडि सन् २०१७ को जुन ३० तारिखमा जर्सी सिटी सहर आफ्नो सिटी हल भवनमा नेपालको झण्डा फहराएको थियो। फिलाडेल्फिया सिटीले सन् २०१० को नोभेम्बर १९ तारिख पहिलो पटक नेपालको झण्डा फहराएको थियो। जर्सी सिटीमा डा परियारको पहलमा झण्डा फहराइएको थियो।

# बालबालिकालाई टेण्टमै पठनपाठन

- नवीन लामिछाने

**मनाङ, ६ असोज (रासस)**

जिल्लाको प्रवेशद्वारमा रहेको सुन्दर बस्तीको गाउँ बाढीपहिराले तहसनहस भएको छ । जिल्लाकै सुन्दर बस्तीमध्ये एकमा पर्ने तालगाउँमा रहेको भानु माध्यमिक विद्यालय गत असार १ मा मर्स्याङ्दीमा आएको बाढीले गाउँसँगै डुबानमा पऱ्यो ।

गाउँमा बाढी पसेपछि विद्यालय जोगिने कुरै भएन । गाउँवासी जङ्गलमा स्थानान्तरण भए । विद्यालयको भौतिक संरचना केही मात्र देखिन्छ । अझै पनि बस्तीमा बाढीको जोखिम उत्तिकै छ । पहिलेको बस्तीमा गाउँवासी बस्ने अवस्थामा छैनन् । झन् विद्यालयमा पठनपाठन गर्न सक्ने अवस्था नै छैन । भविष्यका कर्णधारका रूपमा विकास भइरहेका बालबालिकाको भविष्य बनाउने जिम्मेवारी विशेषगरी जनप्रतिनिधिलाईदिइएको छ । जनप्रतिनिधिको सक्रियतामा बाढीपीडित बालबालिका पठनपाठनको व्यवस्था गरिएको छ । बालबालिकाको भविष्य बनाउनका लागि टेण्टमा नै पठनपाठन गर्ने व्यवस्था गरिएको नासों गाउँपालिकाका अध्यक्ष चन्द्र घलेले जानकारी दिनुभयो ।

उहाँका अनुसार बालबालिकाको भविष्य बनाउने जिम्मेवारी भएकाले टेण्टमा नै भए पनि पठनपाठनको व्यवस्था गरिएको छ । "प्रकृतिले बालबालिकाको भविष्यमा नै पुऱ्याएको क्षतिको पूर्ति गर्नुपर्ने जिम्मेवारी हाम्रो हो, भविष्य निर्माणका लागि टेण्टमा नै पढ्ने व्यवस्था गरिएको छ, पठनपाठन सुरु पनि भइसकेको छ", अध्यक्ष घलेले भन्नुभयो । बाढीपहिराका कारण स्थानान्तरण भएका बालबालिकाको भविष्यलाई लक्ष्य गरी पठनपाठनको व्यवस्था गरिएको उहाँले बताउनुभयो । भर्खरै मात्र कोभिड-१९ बाट केही हदसम्म तङ्ग्रिएको अवस्थामा पुनः बाढीले थलिएका बेला गाउँपालिकाका जनप्रतिनिधिले सहयोग पुऱ्याएको भानु माविका प्रधानाध्यापक श्याम पन्थीले बताउनुभयो । उहाँका अनुसार जनप्रतिनिधिकै सहयोगले यहाँका बालबालिकाले पठनपाठन गर्ने भएका छन् । "उहाँहरूको सहयोगले अस्थायी तवरबाट टेण्ट टाँगी बालबालिकाको पढ्न पाउने अधिकारलाई सुनिश्चतता गरिदिनुभएको छ", पन्थीले भन्नुभयो । बालबालिकाको पठनपाठनका लागि ताल गुम्बाको प्राङ्गणमा व्यवस्थापन गरिएको छ । बाढीले बालबालिकाको मनोवैज्ञानिक असर पनि पारेको छ । यससँगै बाढीबाट बालबालिकामा पारेको मनोवैज्ञानिक असरलाई समेत निराकरण गरी उनीहरूको उज्ज्वल भविष्य निर्माणमा उहाँहरूको महत्वपूर्ण भूमिका र योगदानप्रति तालगाउँवासी खुसी भएका छन् । नासों-१ ताल गाउँस्थित भानु माविमा हालसम्म पनि मर्स्याङ्दी नदी बगिरहेको छ । तीन मावि र एक आधारभूत विद्यालयमा बाढीका कारण क्षति पुगेको छ । यी विद्यालयमा पठनपाठन गराउन सक्ने अवस्था नरहेको शिक्षा विकास तथा समन्वय एकाइका प्रमुख नारायणप्रसाद रेग्मीले बताउनुभयो । "जोखिमको अवस्थामा तालगाउँका बालाबालिकाका लागि पठनपाठन सञ्चालन गर्न लागिएको छ, टेण्टमा नै तयारी गरिएको छ, बालबालिकाकाको नैसर्गिक अधिकारबाट बञ्चित गराउनु हुँदैन भनेर गाउँपालिकाको सहयोगमा तयारी गरिएको छ", रेग्मीले भन्नुभयो । बाढीपहिरापछि मनाङमा कोभिड न्यूनीकरण भएसँगै विद्यालय खुला गरिएको उहाँले बताउनुभयो । त्यस्तै नासों-६ थोंचेस्थित डाँडाको टाकुरामा रहेको प्रकाश ज्योति माविलाई एकतर्फ मर्स्याङ्दी नदी र अर्कोतर्फ दूधखोलाले क्षति पुऱ्याएको छ । कक्षा १२ सम्म पढाइ हुने यस विद्यालयमा पठनपाठनका लागि मर्स्याङ्दी नदीमाथिको झोलुङ्गे पुलमार्फत जानुपर्ने भए पनि बाढीले पुल बगाएपछि विद्यालयसम्म पुग्नसमेत सकिँदैन । जिल्लाका चार माविमा मनाङ ङिस्याङ गाउँपालिका-६ मनाङ गाउँस्थित अन्नपूर्ण माविमात्रै बाढीबाट जोगिएको रेग्मीले जानकारी दिनुभयो । सदरमुकामस्थित चामे गाउँपालिका-४ स्थित नमूना विद्यालय लोकप्रिय माध्यमिकमा आउजाउका लागि नेपाली सेनाको श्रमदानमा फड्के र तारबार गरिदिएपछि पठनपाठन सञ्चालन भइसकेको छ । छात्राबाससहितको विद्यालयको एक चौथाइ भागमात्रै बाँकी रहे पनि पठनपाठन भइरहेको छ ।

# कागबेनीमा श्रद्धालुको भीड

पोखरापत्र संवाददाता

**म्याग्दी, ६ असोज**

यही असोज ५ गतेदेखि यस वर्षको पितृपक्ष अर्थात् सोह्र श्राद्ध सुरू भएको छ । सोह्र श्राद्ध सुरू भएसँगै हिन्दू र बौद्ध धर्मावलम्बीको साझा तीर्थस्थल हिमालपारिको जिल्ला मुस्ताङको कागबेनीमा आफ्ना पितृलाई तर्पण र पिण्डदानसहित श्राद्ध गर्न भक्तजन पुग्न थालेका छन् ।

तीन वर्षअघिसम्म सोह्र श्राद्ध लागेपछि दैनिक हजारौंको सङ्ख्यामा मुक्तिनाथ र कागबेनी पुगेर श्राद्ध गर्न भक्तजनको भीड लाग्ने गरेकामा दुई वर्षयता कोरोना सङ्क्रमणका कारण स्थानीय प्रशासनले मुस्ताङ प्रवेशमा कडाइ गरेपछि भक्तजनको सङ्ख्या पनि पातलिँदै गएको हो । मुस्ताङ प्रशासनले यस वर्ष कोरोना परीक्षणको नेगेटिभ रिपोर्ट वा दुवै खोप लगाएको कार्ड देखाए प्रवेशका लागि अनुमति दिने भएपछि रिपोर्ट नेगेटिभ भएका र दुवै खोप लगाएका व्यक्ति मुक्तिनाथ दर्शन तथा श्राद्ध गर्न कागबेनी र मुक्तिनाथ जान थालेका छन् । दामोदर कुण्डबाट बगेर आएकी काली नदी र मुक्तिनाथका १०८ धाराबाट बगेर आएको गण्डकीको सङ्गमस्थल भएकाले कागबेनी पुगेर पिण्डदान गर्दा सबैभन्दा उत्तम फल मिल्ने बराह पुराण, स्कन्द पुराण, श्रीमद्भागवतलगायतका ग्रन्थमा उल्लेख गरिएको छ । कालीगण्डकी तथा मुक्तिनाथ क्षेत्रका जानकार स्वामी ऋषि प्रपन्नाचार्यका अनुसार तीर्थस्थलमा पुगेर पितृलाई तर्पण दिनका लागि सोह्र श्राद्ध वा पितृको तिथि नै चाहिँदैन । सोह्र श्राद्धमा मुक्तिनाथ र कागबेनीमै पुगेर एकपटक भए पनि आफ्ना दिवङ्गत पितृको उद्धारका लागि पिण्डदान गर्न नेपाल र भारतका विभिन्न स्थानबाट हजारौं धर्मावलम्बी आउने गरेका बताइन्छ । सोह्र श्राद्धलाई 'महालय श्राद्ध' पनि भनिन्छ । यसबाहेक सोह्र श्राद्ध, पितृपक्ष, कगङ्त, जितिया, महालय पक्ष, पितृ पोखो आदि विभिन्न नामले यी पवित्र १६ दिन पुकारा गरिन्छ । भाद्र शुक्ल पूर्णिमाबाट सुरू भएको यो पक्ष सोह्र श्राद्ध अवधिभरि अर्थात् आश्विन कृष्ण औंसीका दिनसम्म चल्ने गर्दछ । सोह्र श्राद्धमा श्राद्ध गर्नका लागि चितवन, नवलपुर, नवलपरासी, म्याग्दी, बागलुङलगायत विभिन्न जिल्लाबाट भक्तजन आउन थालेका कागबेनीबाट कृष्णप्रसाद शर्मा (सापकोटा)ले जानकारी दिनुभयो । उहाँका अनुसार सोह्र श्राद्ध सुरु भएसँगै कागबेनीमा चहलपहल पनि बढेको छ ।

# जडीबुटी खेतीतर्फ म्याग्देली

- ध्रुवसागर शर्मा

**म्याग्दी, ६ असोज (रासस)**

म्याग्दीमा पछिल्लो समय जडीबुटी खेतीतर्फ किसानको आकर्षण बढ्दै गएको छ । किसानले व्यावसायिकरूपमा जडीबुटी खेती थालेका हुन् । जिल्लाका विभिन्न ठाउँमा जडीबुटी खेती विस्तार गर्ने क्रम बढ्दै गएको छ ।

धवलागिरि गाउँपालिका-१ गुर्जामा हिमाली कृषि सहकारीअन्तर्गत रहेको कृषक समूहले सामूहिक रूपमा जडीबुटी खेती थालेको छ । उक्त समूहले गत वर्षदेखि नै जडीबुटी खेतीको सुरुआत गरेको थियो । समूहले यस वर्ष करिब दुई रोपनी जग्गामा उतिस खेती विस्तार गरेको छ । सो समूहमा आवद्ध २५ किसानले उतिसको बिरुवा रोपण गरेको अध्यक्ष गोर्खा छन्त्यालले जानकारी दिनुभयो । "बजारमा उतिसको माग अत्यधिक छ, त्यसैले यसको व्यावसायिक रूपमा खेती गरिएको हो", उहाँले भन्नुभयो ।

समूहले स्थानीयस्तरमा बिरुवा उत्पादन गरी वृक्ष रोपण गरेको हो । स्थानीयवासीले उतिसलाई पेटको जुका मार्न र शक्तिवर्द्धक औषधिका रूपमा प्रयोग गर्दैआएका छन् । समुद्री सतहदेखि दुई हजार ७०० मिटरको उचाइमा रहेको गुर्जा जडीबुटीको सम्भावनायुक्त ठाउँ हो । सो ठाउँमा हिमाली किसान समूहले टिउथिबा सामुदायिक बनको दुई हेक्टरभन्दा बढी पाखो जग्गा भाडामा लिई व्यावसायिक जडीबुटीखेती थालेको छन्त्याल बताउनुहुन्छ । जिल्लामा पछिल्लो समय गुर्जो, अस्वागन्ध, दालचिनीलगायत जडीबुटीको खेती गर्न थालिएको छ । धवलागिरिको मुना, मुदी र गुर्जाका जङ्गलमा प्रशस्त जडीबुटी पाइन्छ । स्थानीयवासीले यसको व्यावसायीक खेती गर्न थालेका वडा नम्बर ३ का वडाध्यक्ष पुर्म पुन बताउनुहुन्छ । बेनी, पोखरा, काठमाडौंलगायत ठाउँबाट जडिबुटीको माग हुन थालेको उहाँले बताउनुभयो । पछिल्लो समय जडीबुटीलाई औषधिका रूपमा प्रयोग गर्ने क्रम बढ्दै गएको आयुर्वेदिक औषधालयका प्रमुख प्रेमप्रसाद गौतमले बताउनुभयो । "जडीबुटीको प्रयोग र माग बढ्न थालेको छ", उहाँले भन्नुभयो । सर्वसाधारणले विस्तारै जडीबुटीको महत्व बुझ्दै गएकाले यसतर्फ आकर्षण बढेको उहाँको भनाइ छ । जडीबुटीले रोग प्रतिरोधात्मक क्षमता बढाउनाका साथै त्यसको सामना गर्ने शक्तिसमेत बढाउँछ । महत्व नबुझ्दा बहुमूल्य जडीबुटी जङ्गलमा त्यत्तिकै खेर गइरहेको गौतमले बताउनुभयो ।

जडीबुटीको औषधि बनाइ उपचार गर्नेबारे बेद, उपनिषद् र धार्मिक ग्रन्थमा समेत व्याख्या गरेको पाइन्छ । आयुर्वेदमा आचार्य गर्नुभएका बेनी नगरपालिका-२ ज्यामरुककोटका जीवन शर्मा आचार्य अष्टगन्ध, गुर्जो र तुलसीपत्र औषधिका रूपमा नियमित सेवन गरे शरीरमा अक्सिजनको कमी हुन नपाउने तथा रोग लागेमा प्रतिरोधात्मक क्षमता बढ्ने बताउनुहुन्छ । यसैगरी कोरोना सङ्क्रमण भएका व्यक्तिलाई दालचिनी, अस्वगन्धा, तुलसी, मेवा र अम्बा (बेलाउती) को पत्र मिश्रित चूर्ण वा रस सेवन गराए प्रतिरोधात्मक क्षमता वृद्धि हुने चिकित्सक बताउँछन् । बेनी नगरपालिका-२ का ८५ वर्षीय वेदप्रसाद उपाध्याय नियमितरूपमा तुलसी पत्र र गुर्जो सेवन गर्दै आएको बताउनुहुन्छ । उपाध्याय मात्र होइनन् अर्मनका देवी सापकोटा र अर्थुङ्गेका नीलकण्ठ आचार्य पनि नियमितरूपमा तुलसीपत्र, गौमुत्र, गुर्जो र अन्य जडीबुटी औषधिका रूपमा प्रयोग गर्दै आउनुभएको छ ।

# मस्जिदमै कक्षा सञ्चालन

-लक्ष्मीप्रसाद सापकोटा

**पर्वत, ६ असोज (रासस)**

जिल्लामा मुस्लिम बालबालिकाहरूले अध्ययन गर्ने मदरसा नहुँदा मस्जिदमै कक्षा सञ्चालन गरिएको छ । यसका लागि जग्गा नहुँदा ती समुदायले अल्लाहको प्रार्थना गर्ने र नमाज पढ्ने ठाउँमै मदरसा सञ्चालन गरिएको हो ।

ती समुदायका बालबालिकालाई धार्मिक शिक्षा दिन तथा उनीहरूलाई उर्दू भाषा अध्यापन गराउने ठाउँ मदरसा हो । मदरसा नभएकै कारण कुश्मामा बसोबास गर्दै आएका मुस्लिम समुदायका बालबालिकालाई मस्जिदमा राखेर पठनपाठन गर्दै आइएको छ । बालबालिकालाई पढाउनुपर्ने बाध्यता भएकाले मस्जिदमा राखेर भए पनि अध्यापन गराइएको हो ।

"मस्जिदमा प्रार्थना गर्न आउने हो । यहाँभित्र छिर्न निश्चित पोसाक ताकिएको हुन्छ । तर यहाँ मदरसा नहुँदा मस्जिदमा नै कक्षा चलाउनु परेको छ । हामीलाई सहयोग गर्न आउने तथा अनुगमन गर्न आउने मान्छे हाम्रो पोसाकमा आउने कुरा पनि हुँदैन," मौलाना (शिक्षक) मोहम्मद अकबर अलीले भन्नुभयो, "हामी थोरै सङ्ख्यामा भएका कारण पनि होला कसैले वास्ता नगरेको, सरकारले हामीलाई हेरिदिए हुने हो ।"

विसं २०६८ मा कक्षा १ देखि पठनपाठन सुरु गर्न अनुमति पाएको भए पनि कक्षा चढाउने गरी समेत पठनपाठन हुन सकेको छैन । मस्जिदमा ५८ विद्यार्थी नियमित रूपमा अध्ययनका लागि आउने गरेका छन् । बिहान र बेलुका दुई समयमा उर्दू भाषाको अध्यापन गराइन्छ तर कक्षा चढ्ने भन्ने चाहिँ हुँदैन । मुस्लिम सेवा समितिका सचिव अस्गर अली मियाँले आफूहरू कुश्मामा अल्पसङ्ख्यक भएका कारण नै कसैको ध्यान मुस्लिमको समस्यामा नगएको बताउनुहुन्छ । मुस्लिम समुदायको मदरसा मात्र नभई अन्य थुप्रै समस्या रहेको उहाँले बताउनुभयो । "नगरपालिकाले वर्षको एकपटक एक लाख रुपैयाँ दिने गरेको छ । त्यसले त शिक्षकलाई ६ महिनाको तलब पनि पुग्दैन, हामीले चन्दा उठाएर मौलानालाई दिने गरेका छौं," उहाँले भन्नुभयो, "हामीलाई मस्जिदबाहिर छुट्टै ठाउँमा मदरसा र त्यहाँ स्थायी रूपले पढाउने एकजना शिक्षक चाहिएको छ ।"

कुश्मा नगरपालिकाको शिक्षा शाखाका अधिकृत दीपक सुवेदीले नगरपालिकाले मदरसामा सहयोग गर्ने चाहना राखेको भए पनि मदरसा सञ्चालनका लागि सरकारले तोकेका मापदण्डहरू पूरा नभएका कारण सबै काम गर्न नसकिएको जानकारी दिनुभयो । विद्यालय सञ्चालनका लागि नगरपालिकाका तर्फबाट वार्षिक रु एक लाख नियमित अनुदान दिँदै आएको र गत आर्थिक वर्ष थप रु दुई लाख ४१ हजार दिइएको उहाँको भनाइ छ ।

"विसं २०६८मा अनुमति पाएको विद्यालय अहिले पनि उस्तै किन ? किनकि राज्यले तोकेका मापदण्ड र नीति पूरा गरेपछि मात्र अन्य विद्यालयले पाउने जस्तै गरी अनुदान पाउन सकिन्छ", उहाँ भन्नुहुन्छ, "विद्यालयको नाम के हो भन्ने थाहा छैन, विद्यालयको नाम भएको होर्डिङ बोर्ड छैन, लेटर प्याड र छाप पनि छैन । बिहान र बेलुका आफ्नो तरिकाले यहाँ पढाइ भएको छ । तर १० देखि ४ बजेसम्म पढाइ हुनुपर्छ ।"

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कुमानसिङ गुरुङले मदरसालाई अहिलेकै अवस्थामा राख्ने वा विद्यालय जसरी अगाडि बढाउने भन्ने कुरा मुस्लिम समुदायको निर्णयमा भर पर्ने बताउँछन् । अगाडि बढ्ने हो भने राज्यले मदरसाका लागि तयार पारेको पाठ्यक्रमअनुसार कक्षा सञ्चालन गर्दै अरू मापदण्ड पनि पूरा हुने र मस्जिदबाट मदरसा हटाउने हो भने कुश्मावासी सबैको सहयोग आवश्यक हुने बताउनुभयो । कुश्माको मदरसामा अध्ययन गर्दै आइरहेका विद्यार्थीहरू बिहान-बेलुकाको समयमा उर्दू भाषा सिक्ने र दिउँसोको समयमा कोही सामुदायिक त कोही निजी विद्यालयमा अध्ययन गर्दै आइरहेका छन् । पर्वतमा दुई ठाउँमा मात्र मदरसा छन् । कुश्माबाहेक जलजला गाउँपालिकाका वारि बेनीमा रहेको छ । वारि बेनीको मदरसा व्यवस्थापनका लागि म्याग्दी सदरमुकाम बेनी बजारमा बस्दै आएका मुस्लिम समुदायसमेत लागिपरेका कारण त्यहाँ भने समस्या देखिएको छैन ।


## मुनाल बचत तथा ऋण सहकारी संस्था लि.

Munal Saving and Credit Co-operative Society Ltd.

अनुपममार्ग, नयाँबजार-९, पोखरा, फोन : ०६१-५८१४९१, ५४४६९१

**Email :** munalsaving@gmail.com, **Website :** www.munalcooperative.com

## पाचौं अधिवेशनमा हुने निर्वाचन सम्बन्धी जानकारी

मुनाल बचत तथा ऋण सहकारी संस्था लिमिटेडको मिति २०७८ आश्विन १३ देखि १६ गते सम्म हुन गईरहेको तेह्रौं साधारण सभा तथा पाचौं अधिवेशनमा हुने निर्वाचन सम्बन्धी कार्यक्रम तालिका सदस्यहरूको ठेगानामा पठाई सकिएको छ । यदी पत्र प्राप्त नभएको भएमा यसै सूचनालाई आधार मानि नियामानुसार चुनिने अधिकारको प्रयोग गरि सहयोग गरिदिनु हुन हार्दिक अनुरोध गर्दछौ ।

**निर्वाचन हुने पदहरू**

| सञ्चालक समिति | | लेखा सुपरिवेक्षण समिति | |
|---|---|---|---|
| अध्यक्ष | १ | संयोजक | १ |
| उपाध्यक्ष | १ | सदस्य | १ |
| सचिव | १ | सदस्य | १ |
| कोषाध्यक्ष | १ | जम्मा | ३ जना |
| सदस्य | ७ | ऋण उप समिति | |
| जम्मा | ११ जना | सदस्य | २ जना |
| जम्मा निर्वाचन हुने पद संख्या : १६ जना | | | |

**निर्वाचन तालिका**

| सि. नं. | कार्यक्रम | मिति | समय | |
|---|---|---|---|---|
| | | | देखि | सम्म |
| १. | मतदाता नामावली प्रकाशन | २०७८/०६/१३ | १० बजे | ११:०० बजे |
| २. | मतदाता नामावली उपर दावी विरोध, छानबिन तथा अन्तिम मतदाता नामावली प्रकाशन | २०७८/०६/१३ | ११ बजे | ४:०० बजे |
| ३. | उम्मेदवारीपत्र वितरण, दर्ता | २०७८/०६/१४ | १० बजे | ११:३० बजे |
| ४. | उम्मेदवारको पहिलो नामावली प्रकाशन | २०७८/०६/१४ | १० बजे | १२:०० बजे |
| ५. | उम्मेदवारी उपर दावी बिरोध | २०७८/०६/१४ | १२ बजे | १२:३० बजे |
| ६. | दावी विरोध उपर छानविन, निर्णय र उम्मेदवारी फिर्ता | २०७८/०६/१४ | १२.३० बजे | २:०० बजे |
| ७. | उम्मेरदवारको अन्तिम नामावली प्रकाशन | २०७८/०६/१४ | २ बजे | ३:०० बजे |
| ८. | मतदान तयारी/उम्मेरदवारको परिचय | २०७८/०६/१५ | १० बजे | १२:०० बजे |
| ९. | मतदान | २०७८/०६/१५ | १२ बजे | ३:०० बजे |
| १०. | मतगणना | २०७८/०६/१५ | मतदान सकिएपछि | |
| ११. | निर्वाचन परिणाम घोषणा तथा प्रमाणपत्र वितरण | २०७८/०६/१५ | मतगणना सकिएपछि | |
| १२. | शपथ ग्रहण | २०७८/०६/१६ | परिणाम घोषणापछि | |

**निर्वाचन अधिकृत**
**निर्वाचन उपसमिति**

## सदस्यज्यूहरूलाई निर्वाचन सम्बन्धी थप जानकारी

- सहकारी संस्थाको उम्मेदवारको लागि दरखास्त दिन योग्यता पुगेको व्यक्तिले अनुसुची ४ बमोजिमको ढाँचामा अध्यक्ष पदलाई रू. २,०००/- (अक्षरूपी दुई हजार रूपैयाँ मात्र), उपाध्यक्ष लगायत अन्य पद र लेखा समितिका पदाधिकारीहरूलाई रू. १,०००/- (अक्षरूपी एक हजार रूपैयाँ मात्र) संस्थामा जम्मा गरी सोको रसिद राखी उम्मेदवारको दरखास्त दिनुपर्नेछ ।
- उम्मेदवारको लागि दरखास्त दिँदा एक जना प्रस्तावक र एकजना समर्थकको सही भएको हुनुपर्दछ । तर, कुनै उम्मेदवारको लागि एकपटक प्रस्तावक वा समर्थक भएपछि अर्को उम्मेदवारको लागि प्रस्तावक वा समर्थक बन्न पाउने छैन ।
- एउटा निर्वाचनमा एकभन्दा बढी पदको लागि उम्मेद्वार हुन पाउने छैन । साथै सञ्चालक समिति लगायत कुनै पनि समितिको कुनै पदको निर्वाचनमा संस्थालाई तिर्नुपर्ने, बुझाउनुपर्ने, बेरूजु भाका नाघेको ऋण/किस्ता/ब्याज/पेश्की वा अन्य प्रकारको रकम रहेको व्यक्ति उम्मेदवार हुन सक्ने छैन । बैंक वा वित्तीय संस्थाको ऋण नतिरे बापत कालोसुचीमा परेका व्यक्ति समेत उम्मेदवार हुन सक्ने छैन ।
- कुनै पनि पदको निर्वाचनमा बहालवाला निजामती कर्मचारी/सहकारी/बैंक तथा वित्तीय संस्थामा कार्यरत कर्मचारीहरू जिल्लाभित्रका अन्य बचत तथा ऋण सहकारी संस्थाको सदस्य रहेको व्यक्ति उम्मेदवार हुन पाउने छैन ।
- एकाघर परिवारबाट १ भन्दा बढी व्यक्ति एकै अवधिमा सञ्चालक पदमा निर्वाचित गरिने छैन ।
- संस्थाको बचत तथा ऋण नीति अनुसार नियमित बचत गरेको हुनुपर्नेछ ।
- उम्मेदवारी दरखास्त फारम आवाश्यक पर्ने सदस्यहरूले कार्यालयबाट प्राप्त गर्न सक्नुहुनेछ ।
- निर्वाचन उपसमितिको सचिवालय संस्थाको कार्यालयमा रहनेछ ।
- अन्य जानकारीको लागि निर्वाचन उपसमितिको सचिवालयमा सम्पर्क गर्नुहोला ।

**हाम्रो सहकारी, राम्रो सहकारी**